**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया बन्दजन्तु चिडियाखाना
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन २१ गते बुधबार ❑ 6 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## सुशासन हरायो, भ्रष्ट्राचार दण्डहिनता मौलायो: शेखर कोईराला

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २० साउन

नेपाली काँग्रेसका केन्द्रिय सदस्य तथा नेता डा. शेखर कोईरालाले देशमा पछिल्लो समय सुशासन हराउँदै जाँदा भ्रष्ट्राचार र दण्डहिनता मौलाउँदै गएको बताएका छन् । भ्रष्ट्राचार र दण्डहिनता बढ्दा नागरिकमा नैराश्यता बढेको उनले बताए ।



काँग्रेस स्याङ्जाका तत्कालिन सभापति तथा संविधानसभा सदस्य स्वर्गीय कमलप्रसाद पंगेनीको ७ औं स्मृति सभालाई स्याङ्जाको भीरकोटमा सम्बोधन गर्दै नेता डा. कोईरालाले सुशासन कायम गर्न नसक्नु ठूला दल सम्मिलित सरकारको ठूलो कमजोरी भएको बताए । 'सकारात्मक सन्देश र विकासका गतिविधि द्रुत बनाउन ठूला दल काँग्रेस र एमाले मिलेर सरकार बनाउँदा समेत सुशासन हराउँदै गएको छ ।' नेता डा. कोईरालाले भने, 'भ्रष्ट्राचार र दण्डहिनता मौलाउनुले नागरिकमा नैराश्यता बढाएको छ ।' नैराश्यतालाई कम गराउन प्रभावकारी काम गर्न नसक्नुमा सरकारकै कमजोरी भएको उनको भनाई थियो ।

काँग्रेस र एमाले मिल्नुको औचित्य पुष्टि गर्न संविधान संशोधनको प्रक्रिया तत्काल शुरु गर्न उनले माग गरे । सरकार बनेको एक वर्ष भईसक्यो, सरकार बनाउनुको औचित्य पुष्टि गर्न ढिला भएको दाबी गर्दै नेता कोईरालाले सरकारको ढिलाईले जनमानसमा व्यवस्थाप्रति आक्रोश बढाउर्दै लगेको जिकिर गरे । पार्टीको आन्तरिक विषयमा बोल्दै नेता डा. कोईरालाले देशको राजनीति, आर्थिक र सामाजिक अवस्था कता गईरहेको छ, दलको आन्तरिक छलफलको विषय बन्नुपर्नेमा त्यसो हुन नसक्दा पछिल्लो समय आफुले राजनीतिक भेटघाटलाई तिव्रता दिएको उनले बताए । पार्टीको महाधिवेशन तोकिएकै समयमा हुनुपर्नेमा जोड दिएका नेता डा. कोईरालाले समयमै अधिवेशन हुन सकेमा वडा तहसम्म क्रियाशिल हुने पार्टी जीवन्त बन्ने बताए । ठूलो दलको पार्टी सभापति शेरबहादुर देउवाले आन्तरिक र बाह्यि विषयमा छलफल र भेटघाट बन्द गर्दा पार्टीलाई क्षति पुगेको उनले बताए । स्मृति सभामा बोल्दै नेपाली काँग्रेसका उपसभापति धनराज गुरुङ्ले काँग्रेस घर भएको बताउँदै घरमा देखिएको विवाद घरमुलीले मिलाउनुपर्ने बताए। काँग्रेस घरमा विवाद भए घरमुली शेरबहादुर देउवाले घर मिलाएर लैजानु पर्नेमा उनले जोड दिए । सभामा बोल्दै नेपाली काँग्रेसका सहमहामन्त्रि भिष्मराज आङ्दाबेले देशमा अराजकता मौलाएको बताउँदै अराजकताले सहि विषयमा बहस हुनुको सट्टा अनेक विषयमा बहस भएकोमा उनले चिन्ता जनाए । 'हामीले समाजलाई सहि मार्गमा हिडाउन सहि विषयमा बहस गर्नु आवश्वक छ ।' उनले भने, तर पछिल्लो समय देशमा बेतुकका विषयमा बहस चलेको छ ।' यस्ता बहसले समाजमा अराजकता सृजना गर्ने उनको भनाई थियो । स्वर्गीय पंगेनीको स्मृति सभामा नेपाली काँग्रेसका केन्द्रिय सदस्उ टेक बहादुर गुरुङ्, सरस्वती तिवारी, नेपाली काँग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्मा, उपसभापतिद्धय कल्पना तिवारी, मेखलाल श्रेष्ठ, काँग्रेस कास्कीका नेता यज्ञबहादुर थापा, काँग्रेस तनहुँका नेता रघुनाथ पौडेलले स्वर्गीय कमल पंगेनीले काँग्रेसका संगठनमा पुऱ्याएको योगदानको चर्चा गरेका थिए । त्यस अवसरमा गण्डकी प्रदेश सांसद तथा नेपाली काँग्रेस स्याङ्जाका नेता भोजराज अर्याल, पूर्व कार्यबहाक सभापति बुद्धिबहादुर राना 'कुमार', जिल्ला समन्वय समिति स्याङ्जाका प्रमुख श्रीप्रसाद जि.टी., काँग्रेसका महासमिति सदस्य छायाँराम खनाल, भरतप्रसाद लम्साल, विष्णु पौडेल, देबी अर्याल, भीरकोट नगर सभपाति यामप्रसाद अधिकारी 'लक्ष्मण', स्वर्गीय पंगेनीका दाजु लिला पंगेनी र नेपाली काँग्रेस स्याङ्जा-काठमाडौं सम्पर्क समितिका सभापति देबीप्रसाद अर्यालले बोलेका थिए ।

नेपाली काँग्रेस स्याङ्जाका सभापति तथा संघीय संसद राजु थापाको अध्यक्षतामा भएको स्मृति सभामा स्वागत उपसभापति तथा कार्यबहाक सभापति केदार काफ्लेले गरेका थिए भने संचालन सचिव दामोदर लम्सालले गरेका थिए ।

## पोखरामा रोकिएन लागुऔषध कारोबार


**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

जिल्ला प्रहरी कार्यालय, कास्की र लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय पोखराको टोलीले साउन लागेयता लागुऔषधको अवैध कारोबारमा संलग्न नौ जनालाई पोखराका विभिन्न स्थानबाट पक्राउ गरी अनुसन्धान अगाडि बढाएको छ ।

साउन ११ मा पोखरा महानगरपालिका-२७ शिशुवामा पोखरातर्फ आउँदै गरेको बस जेकजाँचका क्रममा कमल थापा, धादिङ घर भई हाल पोखरा बस्ने राजन क्षेत्री र मोरङका सत्यनारायण चौधरी लागुऔषधसहित पक्राउ परेका थिए । सोही दिन पोखरा-७ धारापानीबाट नुवाकोटका रवि मिजार र कास्कीका भूपेन्द्र विकलाई पनि प्रहरीले लागुऔषधसहित नियन्त्रणमा लिएको थियो । पाँच दिनपछि साउन १७ मा वडा प्रहरी कार्यालय, बैदामबाट खटिएको प्रहरी टोलीले पोखरा-५ प्रस्याङबाट पर्साका सुरज सहानी र म्याग्दीका सुशील परियारलाई कोठामा लुकाइछिपाइ राखेको लागुऔषधसहित पक्राउ गऱ्यो । त्यसको भोलिपल्ट गत आइतबार पोखरा-२७ रिठ्ठेपानीबाट लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय पोखरा र जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले धादिङका राजन गुरुङलाई लागुऔषधसहित पक्राउ गरेको थियो ।

यस्तै साउन ६ गते पोखरा-३२ लामेआहालस्थित पृथ्वी राजमार्गमा मोटरसाइकल चेकजाँचका क्रममा झण्डै तीन किलो गाँजासहित गोरखाका प्रकाश गुरुङलाई प्रहरीले नियन्त्रणमा लियो । यी प्रतिनिधि घटनाले पोखरामा लागुऔषधको बढ्दो कारोबार र प्रयोगको अवस्थालाई दर्शाउँछ । लागुऔषध दुर्व्यसनीविरुद्ध प्रहरीले नियमित रूपमा अभियान सञ्चालन गर्दै आए पनि यसको अवैध उत्पादन र कारोबार नियन्त्रणमा आउन सकेको छैन । लागुऔषध कारोबारमा संलग्न रहेकाअभियुक्तलाईलागुऔषधसम्बन्धी कसुरमा अदालतबाट म्याद थपी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय, कास्कीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो । पछिल्लो समय पोखरामा लागुऔषध कारोबारमा संलग्न हुनेहरू पक्राउ पर्ने क्रम बढेको उहाँको भनाइ छ । "लागुऔषध नियन्त्रणका लागि समुदायमा सचेतना अभिवृद्धिसँगै कारोबारमा संलग्नको खोजतलास र कानुनी कारबाहीको दायरामा ल्याउन प्रहरीले सक्रियता बढाएको छ", प्रनाउ बस्नेतले भन्नुभयो । उहाँका अनुसार गत आवमा जिल्ला प्रहरी कार्यालयमा लागुऔषधसम्बन्धी ९५ मुद्दा दर्ता भएका थिए । ती मुद्दामा एक सय २६ पुरुष र १७ महिना गरी एक सय ४३ जना पक्राउ गरेका थिए ।


आव २०८०/८१ मा लागुऔषधसम्बन्धी १२९ मुद्दामा तीन विदेशी नागरिसहित १९८ जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जसमा नेपाली पुरुष १८६, महिलो नौ, विदेशी नागरिकमा पुरुष दुई र महिना तीन जना रहेका थिए । प्रनाउ बस्नेतले समुदाय र विद्यालयस्तरमा पुगी लागुऔषधदुर्व्यसनी,लागुऔषधको प्रयोगबाट हुने असर, रोकथामका उपाय र कानुनी व्यवस्थाका बारेमा अभिमुखीकरण गर्ने गरिएको बताउनुभयो । लागुऔषधको उत्पादन, बिक्री-वितरण र ओसारपसार गर्ने कार्यलाई कानुनले अपराध ठहराएको उहाँको भनाइ छ । लागुऔषधसम्बन्धी कानुनले जस्तोसुकै व्यक्तिको साथमा लागुऔषध फेला परे पनि उक्त व्यक्ति अभियुक्त ठहरिने व्यवस्था गरेको छ ।




## नगर ऊर्जा योजना सार्वजनिक, दिगो सहरी विकास र स्वच्छ ऊर्जा योजनाको दिशामा एक महत्वपूर्ण कदम : प्रमुख आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

पोखरा महानगरपालिकाले नगर ऊर्जा योजना सार्वजनिक गरेको छ । दिगो सहरी विकास र स्वच्छ ऊर्जा योजनाको दिशामा एक महत्त्वपूर्ण कदम स्वरुप तयार गरिएको प्रथम नगर ऊर्जा योजना पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले मङ्गलवार सार्वजनिक गर्नुभएको हो ।



कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख आचार्यले वि.स २१०० सम्ममा "समुन्नत पर्यटकीय पोखरा" निर्माणको लक्ष्य सहित पोखरा महानगरपालिका कार्बन तटस्थ सहर निर्माणको अभियानमा प्रतिबद्धताका साथ लागिरहेको बताउनुभयो । किफायती,भरपर्दो,दिगो र आधुनिक ऊर्जामा सबै नागरिकहरूको पहुँच सुनिश्चित गर्ने दिगो विकासको विश्वव्यापी लक्ष्य अनुरूप महानगर भित्र स्वच्छ ऊर्जा र ऊर्जा दक्षतामा जोड दिने उद्देश्य सहित नगर ऊर्जा योजना निर्माण गरिएको उहाँले बताउनुभयो ।

दैनिक जीवनमा प्रयोग गरिने सामाग्रीहरूमा विद्युतीय उपकरणहरूको उपयोग गर्दै नवीकरणीय ऊर्जालाई प्रवर्द्धन गरी कार्बन उत्सर्जनको खुद शून्य २०४५ को लक्ष्य अनुरूप नीतिहरू अवलम्बन गरिएको नगर प्रमुख आचार्यले बताउनुभयो । पोखराको कार्बन तटस्थता लक्ष्य र समृद्ध पर्यटकीय पोखरा निर्माणका लागि समग्र ऊर्जा स्थितिको अध्ययन सहित सम्भावित योजनाहरूको पहिचानका लागि नगर ऊर्जा योजना (२०८१-८६) तयार गरिएको उहाँले बताउनुभयो । यसले महानगरको ऊर्जा दक्ष प्रविधिहरूको एकीकरणसँगै किफायती, स्वच्छ र भरपर्दो ऊर्जा विकासका लागि उल्लेखनीय योगदान गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

"पोखरा महानगरपालिकाको घरेलु, व्यवसायीक र औद्योगिक क्षेत्रमा ऊर्जा प्रयोगको अवस्था सहित ऊर्जा दक्षताको पहिचान, दक्ष र भर पर्दो ऊर्जामा नगरवासीहरूको पहुँच अभिवृद्धि, स्थानीय आर्थिक विकासमा टेवा र दिगो विकासका लक्ष्यहरू हासिल गर्ने दिशामा नगर ऊर्जा योजनाले महत्त्वपूर्ण भूमिका खेल्नेछ, नगर प्रमुख आचार्यले भन्नुभयो, स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नवीकरणीय ऊर्जा र स्थानीय विद्युत् वितरण प्रणाली व्यवस्थापन, सञ्चालन र अनुगमन सम्बन्धी योजना तथा नीति तर्जुमा सम्बन्धी अधिकारको उपयोग गर्दै नगर क्षेत्रको ऊर्जा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन महानगरपालिकाको प्रथम नगर ऊर्जा योजना तयार गरिएको हो ।" उहाँका अनुसार ऊर्जा योजना कार्यान्वयनका लागि पाँच वर्षसम्म रु.१ अर्ब ३३ करोड ३० लाख ८२ हजार लाग्ने अनुमान गरिएको छ ।

महानगरको ग्रामीण क्षेत्रका घरहरूमा सुधारिएको चुल्हो प्रवर्द्धन, सहरी क्षेत्रमा विद्युतीय चुल्होको प्रयोगमा प्राथमिकता, नवीकरणीय ऊर्जा उत्पादन क्षमतामा वृद्धि, ऊर्जा दक्षता सुधार लगायतका कार्यहरूलाई योजनाबद्ध ढङ्गले व्यवस्थित रूपमा सम्पादन गर्न नगर ऊर्जा योजना (२०८१-८६) ले नीतिगत व्यवस्था गरेको छ । कार्यक्रममा ऊर्जा विशेषज्ञ डा.नारायण प्रसाद चौलागाई, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा.नारायण प्रसाद अधिकारी, पोखरा महानगरपालिका प्रवक्ता मोतीलाल तिम्सिना, पोखरा महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मनहर कडरिया लगायतले नगर ऊर्जा योजनाले समग्र महानगरको ऊर्जा व्यवस्थापनमा स्पष्ट नीतिगत मार्गदर्शन प्रदान गर्ने विश्वास व्यक्त गरेका छन् ।

नगर ऊर्जा योजनाले दक्ष र दिगो ऊर्जामार्फत समुन्नत पोखराको परिकल्पना र ऊर्जा स्वच्छता र दक्षता मार्फत कार्बन तटस्थ पोखराको निर्माण गर्ने ध्येय

बाँकी अन्तिम पृष्ठमा ▶▶

# जलवायु परिवर्तनको असरलाई न्यूनिकरण गर्न नयाँ डिजिटल प्लेटफर्म सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

नेपालका किसान पनि खेतमै बसेर मोबाइल वा कम्प्युटर मार्फत नदी किनारका खेतीयोग्य जमिनका लागि सिँचाइ योजना बनाउन सक्ने भएका छन्। वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र अन्तर्राष्ट्रिय पर्वतीय विकास केन्द्र (इसिमोड)ले संयुक्त रूपमा सार्वजनिक गरेको 'पियोर' नामक डिजिटल प्लेटफर्मले लिफ्टिङ प्रविधिमा आधारित सिँचाइ योजनाले केही मिनेटमै उक्त योजना तयार पार्ने भएको छ।

उक्त प्रविधि संचालन गर्न वेबसाइटमा प्रदेश, जिल्ला र स्थानीय तह चयन गरेपछि भूभाग नक्सामा देखिन्छ । किसानले सिँचाइ गर्नुपर्ने खेत तथा वारी र पानी तान्न सकिने खोला तथा नदी एवं पानीको श्रोतको स्थान छनौट गरे पछि प्लेटफर्मले तत्काल प्रारम्भिक आयोजना प्रतिवेदन तयार पारिदिने इसिमोडका कार्यक्रम प्रबन्धक अभिषेक मल्लले बताउनु भयो । यस प्रतिवेदनमा खेतीयोग्य क्षेत्रफल, खोलाबाट खेतसम्मको दूरी, पानीको उपलब्धता, सडक पहुँच, विजुली लागत, नजिकको बजार र अनुमानित लागत समेत समावेश हुने भएको उहाँले जनाउनु भयो।

नेपालका करिब ६५ प्रतिशत भूभाग अझै पनि सिँचाइको पहुच नभएको भन्दै लिफ्टिङ प्रविधि छरितो र किफायती हुने विन्ड पावर नेपालका प्रमुख कार्यकारी अधिकृत कुशल गुरुङले बताउनु भयो। उहाँले भन्नुभयो " सोलार वा विजुली प्रयोग गर्दा र पम्प प्रयोग गर्दा डिजेलमा हुने वार्षिक करोडौं खर्च बचत हुने र स्वदेशमै उत्पादित बिजुलीको खपत हुने छ, अब हामीले सोलार र बिजुलीमा बढी केन्द्रित हुनु पर्छ "। तराईमा सोलार सिँचाइको नमुना योजना लागू भइ सकेको उल्ले गर्दै वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका निर्देशक लक्ष्मीप्रसाद घिमिरेले पहाडमा 'पियोर' प्लेटफर्ममार्फत लिफ्टिङ प्रविधिमा आधारित सिँचाइ विस्तार गर्न लागिएको जनाउनु भयो । इसिमोडका भौगोलिक सूचना प्रणाली विश्लेषक सुजन नेपालीले उक्त प्रविधिले खोलाबाट सिँचाइ गर्नुपर्ने खेतबारीका दूरी, यसका लागि लाग्ने लागत पनि देखाउने भएकाले योजना निर्माण गर्न सहज हुने दाबी गर्नु भयो। पियोर प्लेटफर्मले लिफ्टिङ प्रविधिमा प्रारम्भिक आयोजना प्रतिवेदन बनाउन सहयोग हुने जसले लागत खर्च स्टमेट केही मिनेटमै निकाल्न सकिने दाबी गर्नुभयो।

गण्डकी प्रदेशका ऊर्जा, खानेपानी तथा सिँचाइ मन्त्रालयका सिनियर डिभिजनल इञ्जिनियर हरिदत्त पौडेलले बिजुली महशुलमा सरकारले अनुदान दिँदै आएको र अझै १ लाख ७० हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्याउने चुनौती रहेको बताउनु भयो। प्रदेश सरकारले धेरै क्षेत्रमा सिंचाई गर्न चाहेर पनि यस्तो सजिलो प्रविधिको अभावमा लागत स्टमेट निकाल्न नसकेको अबस्थामा अब यसको प्रयोगले धेरै सहज हुने उहाँले जनाउनु भयो। प्रदेशमा करिब ७० हजार हेक्टर क्षेत्रफलमा सिंचाईको पहुच पुगेको सिनियर डिभिजनल इञ्जिनियर पौडेलले बताउनु भयो । परम्परागत कुलाबाट २०/३० हजार सिंचाई हुने गरेको उहाँले जनाउनु भयो । गत वर्ष एयर लिफ्टिङको बिद्युत महशुलमा मन्त्रालयले करिब ४ करोड ६ लाख अनुदान दिएको थियो । करिब दुई बर्ष अघि तयार पारिएको यस डिजिटल प्लेटफर्म प्रयोग गरेर ४३९ स्थानमा सिँचाइका सम्भाव्यता अध्यन गरेर ४८ ठाउँ पहिचान गरेको इसिमोडले जनाएको छ। विशेषज्ञहरूले यस प्रविधिबाट जलवायु परिवर्तनको असर न्यूनिकरण, बाँझो जमिनको उपयोग र युवा कृषिमा आकर्षित हुने विश्वास व्यक्त गर्नु भएको छ।

# सेवाग्राहीको चापपछि कास्कीमा राष्ट्रिय परिचयपत्र सेवा समय बढाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा लिने सेवाग्राहीको चाप बढेपछि जिल्ला प्रशासन कार्यालय कास्कीले सेवा समय विस्तार गरेको छ।

प्रशासनले यही साउन २२ गतेदेखि सामाजिक सुरक्षा भत्ताका लागि योग्य लाभग्राहीहरूले सार्वजनिक बिदाका दिनमा बाहेक अन्य दिनमा बिहान ८:०० बजेदेखि र अन्य सेवाग्राहीका लागि बिहान १०:०० बजेदेखि राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा प्रदान गरिने जनाएको छ।

राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा लिन सेवाग्राहीको दैनिक भीड लाग्न थालेपछि सेवाको समय परिमार्जन गरिएको हो । परिचयपत्र सेवाका लागि एकैपटक ठूलो सङ्ख्यामा सेवाग्राहीहरू कार्यालयमा उपस्थित हुँदा कार्यालयमा चाप परेकाले सहज ढङ्गबाट सेवा प्रवाहका र सुविधाका लागि समय विस्तार गरिएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले बताउनुभयो।

उहाँका अनुसार सामाजिक सुरक्षाभत्ता परिचयपत्र नविकरण तथा लाभग्राही सूचीकरण हुन योग्य सेवाग्राहीका लागि यसबाट सहयोग पुग्नेछ । सामाजिक सुरक्षाभत्ताका लागि समेत राष्ट्रिय परिचयपत्र नम्बर आवश्यक पर्ने भएकाले ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू र अशक्त सेवाग्राहीको समेत चाप रहेको प्रशासनले जनाएको छ।


## फेवा बचत तथा ऋण सहकारी संस्था लि.

प्रधान कार्यालय: पोखरा-५, जिरो कि. मि.

फोन: ०६१-५७३३७५, ५७२२३६

## २६ औ बार्षिक साधारण सभा सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८२/०४/२१

यस **फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को मिति २०८२ साल श्रावण ९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको **२६ औं वार्षिक साधारण सभा** तपशीलका विषयवस्तु उपर छलफल र निर्णय गर्न बस्ने भएको हुँदा निम्न मिति, समय र स्थानमा उपस्थित हुनको लागि सदस्यज्यूहरुमा हार्दिक अनुरोध गरिन्छ। थप जानकारीको लागि विभिन्न माध्यम फेसबुक पेज, वेबसाइट र अन्य पत्रपत्रिकामा समेत सूचना सम्प्रेषण भइरहने छ।

**क) छलफलका विषयहरू:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
२. लेखा समितिको तर्फबाट तयार गरिएको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
३. आ.व. २०८१/०८२ को लेखा परीक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
४. आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने।
५. आ.व. २०८२/०८३ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने।
६. आ.व. २०८१/०८२ को शेयर लाभांश एवम् संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा।
७. सदस्यहरूको सुझाव एवम् जिज्ञासाको समष्टिगत प्रस्तुतिकरण।
८. नीति, निर्देशिका र कार्यविधिहरू पारित तथा संशोधन गर्ने सम्बन्धमा।
९. कानूनी प्रक्रियामा रहेका संस्थाको लेना रकमहरु असुल उपर सम्बन्धमा।
१०. विनियम संशोधन सम्बन्धमा
११. साधारण सभाको निर्णय पुस्तिकामा प्रमाणित गर्न प्रतिनिधि छनौट गर्ने।
१२. विशेष प्रस्तावहरु सम्बन्धमा।

**ख) साधारण सभा तालिका (मिति, समय र स्थान):**

| | |
|---|---|
| मिति | : २०८२ भाद्र २० गते, शुक्रबार। |
| समय | : बिहान ८:३० बजे। |
| स्थान | : एस.आर.के.सी. बैंकक्यूट, पोखरा-१२, माटेपानी, कास्की गण्डकी प्रदेश नेपाल |
| सम्पर्क | : ९८५६०१२४४६, ९८४६४३४२६६, ९८५६०२२७५० |
| वेबसाईट | : www.fewacooperative.com.np |

(नोटः साधारण सभामा केवल शेयर सदस्यज्यू मात्र सहभागी हुनुहोला। संघ संस्थाका प्रतिनिधि आउने भएमा अग्रिम लिखित रुपमा जानकारी गराउनुहोला। सभामा उपस्थित सदस्यज्यूहरुलाई बिहानको खाजा र खानाको पनि व्यवस्था रहेको छ। साथै वेबसाईटबाट पनि प्रतिवेदन अध्ययन गर्न सकिने छ। अन्य थप जानकारी आवश्यक परेमा यसै संस्थाको प्रधान कार्यालय जिरो कि.मि.मा सर्म्पक गर्न सक्नुहुनेछ।)


## नगर ...

राखेको छ। यसले घरायसी तहमा स्वच्छ र दक्षता सहित नवीकरणीय ऊर्जाको उत्पादन तथा उपयोगलाई प्रभावकारी बनाउने, व्यवसायमा परम्परागत तथा आयातित इन्धन न्यूनीकरण गर्दै ऊर्जा दक्षता सहित नवीकरणीय ऊर्जाको उपयोग बढाउने, उद्योगहरूबाट हुने हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्दै नवीकरणीय ऊर्जा उपयोग र दक्षता अभिवृद्धि गर्ने र वातावरण संरक्षण र आर्थिक समृद्धिका लागि नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता नीति र शैक्षिक अभियानहरू मार्फत दिगो अभ्यासहरूमा जनचेतना अभिवृद्धि गर्ने लक्ष्य राखेको छ। साथै आवासीय क्षेत्रमा ऊर्जाको वितरणलाई नियमित, भरपर्दो र प्रभावकारी बनाउने, परम्परागत ऊर्जा उपयोगलाई न्यूनीकरण गर्दै नवीकरणीय र हरित ऊर्जाको विविधीकरण गर्ने, सन् २०२९ सम्म पोखरा महानगरका प्रत्येक घरमा विद्युतीय चुल्होको पहुँच सुनिश्चित गर्ने, व्यवसायीक क्षेत्रमा हरित अर्थतन्त्र विकासको लागि ऊर्जा दक्षता अभिवृद्धि गर्ने, परम्परागत र खनिज इन्धनको खपतलाई कम्तीमा २५ प्रतिशतले कम गर्ने, औद्योगिक क्षेत्रमा स्वच्छ र नवीकरणीय ऊर्जाको उपयोग विस्तार गर्ने, उद्योगहरूको ऊर्जा दक्षता प्रवर्द्धन गर्ने र अन्तर विषयगत क्षेत्रमा लक्षित समुदायमा ऊर्जा दक्षता र पहुँच वृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन र नगर ऊर्जा योजनाको सफल कार्यान्वयन लगायत यसका उद्देश्यहरू रहेका छन्। नगर ऊर्जा योजनाका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न ऊर्जा दक्षता प्रविधिहरू लागु गर्दै ऊर्जा वितरण पूर्वाधारको स्तर वृद्धि गर्ने, नवीकरणीय ऊर्जामा सहुलियत तथा अनुदान प्रदान, खनिज इन्धन खपत र ऊर्जा दक्षताका लागि नवीनतम पहलहरू गर्ने, ऊर्जा दक्षता सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन र समावेशी ऊर्जा नीति र नियमहरूको निर्माण तथा कार्यान्वयन गर्ने रणनीतिहरू अवलम्बन गरिनेछ । जर्मन अन्तर्राष्ट्रिय सहयोग संस्था (न्क्ष्श), वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, विन्डपावर नेपाल प्रा.ली र युरोपियन युनियनको सहयोगमा पोखरा महानगरपालिकाको सहरी योजना आयोगले यो नगर ऊर्जा योजना तयार गरेको हो।

# अलि मियाँको १९ औं स्मृति दिवस भानुपार्कमा

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन



पोखरा महानगरपालिका वडा नं ११ फूलवारी स्थित भानुपार्कमा लोककवि अलि मियाँको १९ औं स्मृति दिवस हालै विभिन्न कार्यक्रम गरी मनाइएको छ।

भानुपार्कमा पुष्परोपण, सरसफाइ तथा सम्मान कार्यक्रम गरी मनाइएको हो। सो अवसरमा लोककवि अलि मियाँको परिवारबाट अलि मियाँ लोक वाङ्मय प्रतिष्ठान उपाध्यक्ष हरिदेवी कोइराला, सचिव पदमराज ढकाल, सहसचिव धर्मराज अल्पायु र साहित्यकार भरत आचार्यलाई सम्मान गरिएको थियो। प्रमुख अतिथि भानु वाङ्मय प्रतिष्ठान पोखराका अध्यक्ष प्राज्ञ सरुभक्तले तीसको दशकदेखि नै पोखरामा अलि मियाँको सम्मान उनको जीवनकालमै हुँदैआएको स्मरण गर्दै उनका गीतमा ग्रामीण जीवनको आवाज रहेको भने । पोखरा-११ का वडाध्यक्ष प्रेमप्रसाद कर्माचार्यले उनको राष्ट्रिय भावनालाई कदर गर्नुपर्नेमा जोड दिए । लोक संस्कृतिका अनुसन्धाता प्राडा कुसुमाकर न्यौपानेले धार्मिक द्वन्द्व मेटिने र भाषाको शुद्ध प्रयोग गर्ने कार्य गरेमात्र पनि अलि मियाँको दिवंगत आत्माले शान्ति पाउने बताए । पूर्व वडाध्यक्ष निर्मल कर्माचार्यले अलि मियाँ धार्मिक सहिष्णुता भएका साहित्यकार भएको स्मरण गरे । गण्डकी प्रज्ञा-प्रतिष्ठानका निवर्तमान कुलपति सूर्य खड्का विखर्चीले गीत कविता लेख्नु सजिलो नभएको बताउँदै अलि मियाँले ५० वर्षअघि पुऱ्याएको योगदान सामान्य नरहेको उल्लेख गरे। स्वतन्त्र पत्रकार संघ नेपालका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले आफूले २०३८ मा अलि मियाँको अन्तर्वार्ता लिएको स्मरण गर्दै उनी नेपाली लोकसाहित्यका प्रतीक भएको बताए । अलि मियाँका माहिला छोरातर्फका नाति अफजल हुसेन मियाँले आफ्नै परिवारले उहाँको स्मृतिमा केही गर्न नसकेकामा पश्चाताप गर्दै उहाँलाई अमर बनाउन लागिपर्ने प्रतिष्ठानका पदाधिकारी एवं साहित्यकार हरुलाई परिवारले सम्मान गर्न चाहेको बताए।

कार्यक्रममा अध्यक्षको आशनबाट अलि मियाँ लोक वाङ्मय प्रतिष्ठान उपाध्यक्ष प्राज्ञ हरिदेवी कोइरालाले अलि मियाँको नाममा स्थापित पुरस्कार पहिलोपटक आफैँले प्राप्त गरेको स्मरण गर्दै अलि मियाँ प्रेरणाका स्रोत भएको बताइन्। सो अवसरमा प्रतिष्ठान सचिव लोकगायक पदमराज ढकालले अलि मियाँका २ ओटा गीत गाएका थिए । प्रतिष्ठान सल्लाहकार अम्बिकाप्रसाद अधिकारीले कार्यक्रमको सञ्चालन तथा सहसचिव धर्मराज अल्पायुले स्वागत गरेका थिए।

# अन्नपूर्ण क्षेत्रमा गत आवमा लेक लागेर १८ पर्यटकको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

गत आवमा अन्नपूर्ण संरक्षण क्षेत्रका विभिन्न गन्तव्यमा १८ पर्यटकको लेक लागेर मृत्यु भएको छ । मृत्यु हुनेमा छ नेपालीसहित आठ भारतीय, अमेरिका, जर्मन, कोरिया र स्वीजरल्याण्डका एक/एकजना नागरिक रहेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जनाएको छ।

पदत्रायाका क्रममा लडेर र अन्य दुर्घटनाका कारण गतवर्ष चारजना पर्यटकले ज्यान गुमाएका एक्यापका प्रमुख डा रविन कडरियाले जानकारी दिनुभयो । अधिकांश लेक लाग्ने घटना मुस्ताङ र मनाङको उपल्लो भेगमा हुने गरेको उहाँको भनाइ छ । आव २०८०/८१ मा अन्नपूर्ण क्षेत्रमा २० जना पर्यटकको लेक लागेर मृत्यु भएको थियो । लेक लागेका कतिपय पर्यटकलाई हेलिकप्टरबाट समेत उद्धार गरेर बचाइएको एक्यापका प्रमुख कडरियाले बताउनुभयो । सडकमार्ग भएर मुक्तिनाथ दर्शनका लागि जाने भारतीय पर्यटकमा लेक लाग्ने समस्या बढी देखिने गरेको उहाँले उल्लेख गर्नुभयो।

"हिमाली तथा उच्च पहाडी भेगको यात्रामा जाँदा एकैपटकमा धेरै उचाइमा पुग्न हुँदैन, विश्राम लिँदै जानुपर्छ", डा कडरियाले भन्नुभयो, "लेक लागेको लक्षण अनुभव भएमा तत्कालै कम उचाइ भएको ठाउँमा फर्किहाल्नुपर्छ।" एक्याप कार्यालयले विगत दुई वर्षदेखि लेक लागेका घटनाको तथ्याङ्क राख्न सुरू गरेको हो। पदयात्रामा क्रममा लडेर मृत्यु हुने गरेका घटना पनि बर्सेनि दोहोरिने गरेका छन् । आव २०८०/८१ मा कास्कीमा स्वीडेन, जर्मनी र मनाङमा अमेरिकी पर्यटकको पदयात्रा क्रममा लडेर मृत्यु भएको थियो । "लामो दुरीको पदयात्रामा निक्किँदा एक्लै जानुहुँदैन, समूहमा वा पथप्रदर्शक लिएर मात्र हिँडनुपर्छ", प्रमुख डा कडरियाले भन्नुभयो, "ट्रेकिङ एजेन्सीमार्फत पदयात्रामा जानु उपयुक्त हुन्छ।" पर्यटक पथप्रदर्शक दिवस गुरुङले भारतीय पर्यटक गाडीबाट एकैपटकमा मुक्तिनाथ पुग्दा लेक लाग्ने समस्या देखिने गरेको बताउनुभयो।

"हिमाली भेगको यात्रामा जाँदा विश्राम लिँदै जानुपर्छ, कम उचाइ भएको ठाउँबाट उचाइ भएको ठाउँमा एक्कासि पुग्दा लेक लाग्ने हुन्छ", उहाँले भन्नुभयो, "यो समस्या मुस्ताङको मुक्तिनाथ र मनाङको तिलिचो ताल जाने पर्यटकमा बढी देखिने गरेको छ।" काठमाडौं उपत्यकालगायत तराई भेगबाट तिलिचो ताल पुग्ने नेपालीमा पनि लेक लाग्ने समस्या बढी देखिने गरेको पथप्रर्दशक गुरुङले बताउनुभयो । स्थानीय हावापानीसँग अनुकूलन हुँदै विश्राम लिँदै यात्रा गर्नु लेक लाग्ने समस्याबाट बच्ने उत्तम उपाय रहेको उहाँको भनाइ छ । उहाँले पदयात्रा गर्ने पर्यटकलाई एक दिनमा पाँच सयभन्दा बढीको उचाइ पार नगर्न सुझाउनुभयो।

शारीरिक, मानिसक स्वास्थ्य र तन्दुरुस्तीसहित पदयात्रामा जानुपर्ने पथप्रदर्शक गुरुङले बताउनुभयो । नयाँ र टाढाको गन्तव्यस्थल छ भने एक्लै पदयात्रा गर्न नहुने उहाँको भनाइ छ।

पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध अन्नपूर्ण क्षेत्रमा गत आवमा दुई लाख ७८ हजार एक सय १३ विदेशी पर्यटक पुगेका थिए। अन्नपूर्ण चक्रिय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, सिक्लेस, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायत गन्तव्यस्थलमा बर्सेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन्। सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्दछन्।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

## सम्पादकीय

# हल्ला ठूलो प्रतिवेदन लुलो

संघीय निजामती सेवा विधेयक, २०८० मा त्रुटिको अनुसन्धान गर्न गठित अध्ययन तथा छानबिन विशेष समितिले आफ्नो प्रतिवेदन सभामुख देवराज घिमिरेसमक्ष बुझाएको छ । करिब एक महिना लामो अनुसन्धानपछि तयार गरेको प्रतिवेदन समिति संयोजक जीवन परियारले मंगलबार सभामुख घिमिरेलाई बुझाएका छन् । समितिले २९ दिनसम्म विभिन्न ३७ बैठक बसेर प्रतिवेदनलाई अन्तिम रुप दिएको छ। समितिले सर्वसम्मत प्रतिवेदन तयार गर्नु नै उपलब्धि हा । कुलिङ पिरियडमा छलफलमा हुनुमा राज्यव्यवस्था समितिका सभापति रामहरी खतिवडाले नैतिक जिम्मेवारी लिनुपर्ने समितिले निष्कर्ष निकालेको छ । निजामति विधेयकको प्रतिवेदनमा हस्ताक्षरकर्ता भएका कारण समिति सभापति खतिवडा र समिति सचिव सुरजकुमार दुराले नैतिक रुपमा जिम्मेवारी ननिभाएको प्रतिवेदनमा उल्लेख रहेको जनाइएको छामुख्य सचिव, संसद महासचिव र नेपाल सरकारका सचिवहरूको अनावश्यक चलखेल गरेका थिए। संसदीय समितिले पारित गरेको प्रतिवेदन हेरफेर गरेपछि समिति गठन भएको हो ।

प्रतिनिधिसभाले गत असार २३ गते उच्चस्तरीय छानबिन विशेष समिति गठन गरेको थियो । समितिमा नेपाली कांग्रेसबाट जीवन परियार र सुशीला थिङ, नेपाल कम्यनिष्ट पार्टी (एमाले)बाट नारायणप्रसाद आचार्य र ईश्वरी घर्ती,नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)बाट माधव सापकोटा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट गणेश पराजुली र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रोशन कार्की छन् । राज्य व्यवस्था समितिबाट निजामति कर्मचारीहरू अवकासमा गएपछि वा राजीनामा दिएपछि अर्को स्थानमा नियुक्ति खान दुई वर्षे कुलिङ पिरियडको प्रावधान राखेको थियो। सोही व्यवस्थाअनुसार असार १५ गते प्रतिनिधिसभा बैठकमा उक्त विधेयक पारित भएको थियो। तर,त्यसलाई खण्डित गर्ने अर्को दफासमेत समावेश गरेको भेटिएपछि विवाद सुरू भएको थियो ।

संसदीय विशेष समितिले चार बुँदे निष्कर्ष निकालेको छ । जसमा संघीय निजामती सेवा विधेयक २०८० को प्रतिवेदनमा गम्भीर त्रुटि भएको निष्कर्ष निकालिएको छ । (क) कानुनी तादम्यता के कति कारणले नभएको हो भन्ने सम्बन्धमा अध्ययन गर्दा मिहिन रुपमा दफावार छलफल नगरिएको, परिमार्जन गरिएको प्रतिवेदन सभामा पेस गर्नु अघि समितिका माननीय सदस्यहरूले अन्तिममा हेर्ने र छलफल नगरिएको, मस्यौदा प्रतिवेदनसँग मूल विधेयक एकीकरण गरी मिलाउने प्रणाली नभएको र विधेयक मस्यौदामा मिलाउने जिम्मेवारी भएको कार्यमा संलग्न पक्षहरूले आफ्नो दायीत्व पूरा नगरेकोले कानुनी तादम्यता नमिलेको देखियो । (ख) विधेयकको दफा ८२ को उपदफा ४ र ५ बीच तादम्यता नभएको विषय गम्भीर त्रुटि भएको देखिएकोले परिभााविषत जिम्मेवारीमा रहेकाहरूले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गरेको भन्ने नदेखिएको । (ग) विधेयकको दफा ८२ को उपदफा ४ र ५ का बीच कानुनी तादम्यताका सम्बन्धमा गम्भीर त्रुटि भएको देखिँदा यसमा संलग्न पदाधिकारी वा व्यक्तिलाई के कस्तो कारबाही गर्नुपर्छ भन्ने सम्बन्धमा राजनीतिक व्यक्तिलाई राजनीतिक र नैतिक जिम्मेवारी तथा कर्मचारीको पदीय र कानुनी जिम्मेवारी हुने हुँदा सोही बमोजिमको सुझाव एवं निष्कर्ष यस समितिको रहेको छ। (घ) आगामी दिनमा यस्ता त्रुटि हुन नदिन निम्नलिखित सुझावहरू उल्लेख गरिएको छ।

मूल विधेयक र समितिको प्रतिवेदन एकीकृत मिलाएर हेर्ने र अध्ययन गर्ने अभ्यास प्रारम्भ गर्ने,। विधेयकमाथिको दफावार छलफलमा सम्बन्धित मन्त्रालयका निश्चित तहका पदाधिकारीलाई मात्र समितिमा पहुँच दिने र विधेयक प्रस्तुतकर्ता माननीय मन्त्रीलाई नै त्यस सम्बन्धमा बढी जवाफदेही बनाउने व्यवस्था गर्ने,। विषयवस्तुको प्रकृतिअनुसार संवेदनशिल छलफलहरूमा गोपनियता र पारदर्शितालाई सन्तुलनमा राख्न सोहीअनुरुप सरोकारवालाबाहेक अन्यलाई बिचार गरी प्रवेश दिने,। समितिका निर्णयहरूमा एकरुपता कायम गर्न र मानवीय त्रुटि कम गर्न मानकीकृत दिकदर्शन मार्गदर्शन तयार गरी लागू गर्ने,। सभापतिले निर्णय प्रत्रियामा सबै सदस्यहरूलाई विधेयकमा के के परिमार्जन गरियो भन्ने विषय प्रष्टसाग बाचन गरी निर्णय पुस्तिकामा लेखी निर्णयमा सदस्यहरूको हस्ताक्षर गर्ने पद्धतिको विकास गर्ने,।

समितिको अन्तिम प्रतिवेदन सभामा पठाउनुपुर्व अनिवार्य रुपमा समितिको बैठक राखि छलफल गराउने,। जवाफदेही र सहमति सुनिश्चित गर्न अन्तिम प्रतिवेदनमा समितिका सबै सदस्यहरूको हस्ताक्षर अनिवार्य गर्ने,। सभाका नियमावलीका समितिका सचिवको काम, कर्तव्य र अधिकारबारे स्पष्ट उल्लेख गर्नुपर्ने,। विधायिकी प्रक्रिया, कानुनी ढाँचा र विधायिकी नीतिगत प्रभावहरूमा माननीय सदस्यहरूलाई नियमित क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,। सचिवालयको क्षमतालाई सुदृढिकरण गरी भूमिकालाई प्रभावकारी बनाउने,। संघीय संसद्का कामकारबाही, विधायन व्यवस्थापन कार्य र सचिवालयमा समयाअनुकुल सुधार गर्न विद्यमान व्यवस्थाको अध्ययन पुनरावलोकनका लागि विगषय विज्ञहरूसहितको उच्चस्तरीय अध्यन समिति वा । कार्यदल गठन गरी त्यसका आधारमा विद्यमान व्यवस्थाहरूमा सुधार गर्ने,। समितिलाई कार्यादेश दिंदा नै आनाकानी गरेको हुँदा दोषी ठहर गर्छ भन्ने थिएन । हाम्रा बा किन गरिब भए ? भनेर निकालेको निष्कर्ष जस्तै हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# आधारभूत अस्पतालमै 'डायलाइसिस' सेवा

**पोखरापत्र संवाददाता**
बागलुङ, २० साउन

यहाँको आधारभूत अस्पतालमा डायलाइसिस सेवा दिने तयारी थालिएको छ । यसका लागि सङ्घीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत बडिगाड गाउँपालिकालाई रु एक करोड एक लाख ४४ हजार ८२० बराबरको पाँचवटा डायलाइसिस उपकरण प्राप्त भएको छ।

यही साउन १ गतेबाट बडिगाड गाउँपालिकामा १५ शयूयाको आधार भूत अस्पतालले सेवा सुरुआत गरेको थियो । जिल्ला अस्पतालबाट दिइरहेको डायलाइसिस सेवा अब गाउँपालिकाबाट दिने तयारीका साथ उपकरण अस्पतालमा आएको गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँपालिकाको आधार भूत अस्पतालमा डायलाइसिस सेवा सम्भवतः देशभरमै पहिलो भएको बताउनुभयो । बागलुङको बडिगाड गाउँपालिकाले पश्चिम बागलुङका मिर्गौलाको बिरामीका लागि डायलाइसिस सेवा सुरु गर्न उपकरण भित्र्याएको हो । बडिगाड -५ ग्वालीचौरमा हालै सम्पन्न रु १८ करोड लागतको भवनमा १५ शयूयाको अस्पताल निर्माण भएको थियो । गाउँपालिकाले आगामी कात्तिकभित्र डायलाइसिस सेवा दिनेगरी स्वास्थ्यकर्मीलाई तालिम दिने तयारीमा जुटेको अध्यक्ष थापा अधिकारीले जानकारी दिनुभयो । मध्यपहाडी पुष्पलाल लोकमार्गको नजिकै रहेको अस्पतालले राजर्मागमा हुने दुर्घटनाका बिरामीलाई समेत सहजता प्रदान गर्ने छ। धवलागिरि अस्पतालमा मात्र सो सुविधा रहेकामा बडिगाडमा पनि डायलाइसिस सेवा सञ्चालनसम्बन्धी एक वर्षअघि बडिगाड गाउँपालिका र सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरबीच सम्झौता भएअनुसार अहिले उपकरण प्राप्त भएको हो । केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठ र बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीबीच डायलाइसिस सेवा दिने विषयमा सम्झौता भएअनुसार उपकरण गाउँपालिकामा आएको हो। उपकरण आएपछि जनशक्तिको विषयमा थप तयारी भइरहेको छ। शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले जनशक्ति पठाउने विषयमा अध्ययन गरिने बताएको अध्यक्ष थापाले जानकारी दिनुभयो । पालिकाका एक मेडिकल अधिकृत र तीन स्टाफ नर्सलाई तालिमका लागि पठाउने तयारी छ। बडिगाडको आधारभूत अस्पताललाई स्वास्थ्य बिमाको प्रथम सेवा विन्दुका रूपमा समेत सूचीकृत गरेको छ । गण्डकी प्रदेशबाट थप एक मेडिकल अधिकृत तथा सङ्घीय सरकारबाट दुई चिकित्सक र तीन स्टाफ नर्ससहितको उपकण दिने देशभरको ४८ सूचीमा समेत यस गाउँपालिकाको आधार भूत अस्पताल परेको छ। यसबाट बागलुङ पश्चिमका साथै गुल्मी, रुकुम र रोल्पाका जनताले सहज सेवा पाउने बडिगाड गाउँपालिका अध्यक्ष अधिकारीले बताउनुभयो । बडिगाडले सबै वडामा स्वास्थ्यचौकी र सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरेर सामान्य रोगको उपचार गर्दै आएको छ।

# 'धवलागिरिको इच्छा, गरिखाने शिक्षा'

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० साउन

धवलागिरि गाउँपालिका-२ मुनाको धवलागिरि माविका शिक्षक र विद्यार्थीले तरकारीखेती गरेका छन् । मुनामा वार्षिक रु पाँच हजार भाडा तिर्नेगरी दुई रोपनी जग्गा भाडामा लिएर तरकारीखेती गरेका हुन् । एक रोपनीमा बन्दा, काउली, रायोसाग, मुला, गाजर र दुईवटा पलास्टिक टनेलमा गोलभेँडाका बिरुवा रोपिएको प्रधानाध्यापक रुपेश सुवेदीले जानकारी दिनुभयो।

"गत हप्ता कक्षा ८, ९ र १० का विद्यार्थीका साथै शिक्षकले खाली समयमा श्रमदान गरेर जग्गा तयार गरेर तरकारीका बिरुवा लगाएका छौँ", उहाँले भन्नुभयो, "बाँकी एक रोपनी जमिनमा प्याजका बिरुवा उत्पादन गरेर बिक्री गर्ने योजना छ।" विद्यार्थीलाई तरकारीखेतीसम्बन्धी व्यावहारिक र व्यावसायिक ज्ञान, सीप सिकाउने, छात्रावासमा आवश्यक पर्ने तरकारी आफैँ उत्पादन गर्ने र तरकारी बिक्री गरेर विद्यालयको कोष वृद्धि गर्ने उद्देश्यले तरकारीखेती थालिएको प्रअ सुवेदीले बताउनुभयो । तरकारीखेतीका लागि धवलागिरि गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ को 'धवलागिरिको इच्छा, गरिखाने शिक्षा' भन्ने कार्यक्रममार्फत सहयोग गरेको थियो । गाउँपालिकाले उपलब्ध गराएको रु एक लाख ५० हजारबाट मल, बीउ, टनेल खरिद, जग्गा भाडा तिरेको छ। गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले विद्यार्थीलाई पढ्दै कमाउँदै गर्ने सीप सिकाउने उद्देश्यले हेम नमूना आवासीय मावि र धवलागिरि माध्यमिक विद्यालयमा 'धवलागिरिको इच्छा, गरिखाने शिक्षा' कार्यक्रम सञ्चालन गरेको बताउनुभयो । हेम नमूना आवासीय माविको झिनडाँडास्थित छात्रावासमा बस्ने ५० विद्यार्थीले छ रोपनी पाखोको झाडी फाडेर तरकारीखेती गरेर हराभरा बनाएका छन् । गत वर्ष रु तीन लाख बजेट विनियोजन भएको कार्यक्रम प्रभावकारी बनेकाले आगामी वर्षलाई पनि निरन्तरता दिएको उहाँले बताउनुभयो ।

# विश्व केन्पो काई च्याम्पियनसिपका लागि नेपाली टोली जापान प्रस्थान गर्दै

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

नेपालले आउँदो अगस्ट ८ देखि १० तारिखसम्म जापानको हमामात्सु शहरमा आयोजना हुने वर्ल्ड केन्पो काई च्याम्पियनसिप २०२५ मा सहभागी हुने भएको छ।

प्रतियोगितामा ३ खेलाडी सहित ४ सदस्यीय नेपाली टोली मंगलबार राति ११:३० बजे जापान प्रस्थान गर्ने कार्यक्रम तय भएको छ । यस टोलीमा पोखराका बामदेव सुवेदी र मेणुका अधिकारी खेलाडीका रूपमा नेपालको प्रतिनिधित्व गर्नेछन् भने प्रशिक्षकमा नविन आचार्य, आधिकारिक सदस्यमा नरज बहादुर खड्का र जुना लामिछाने रहनुहुन्छ।

यसैबिच, राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले सोमबार काठमाडौंमा औपचारिक बिदाइ कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रममा राखेपका सदस्य-सचिव टंकलाल घिसिङले टोलीलाई राष्ट्रिय झन्डा हस्तान्तरण गर्दै शुभकामना व्यक्त गर्नुभयो । "केन्पो काई टोलीले अनुशासन र लगनशीलता देखाउँदै आएको छ । यो प्रतियोगितामा तपाईंहरूले नेपालको गौरव बढाउनेमा पूर्ण विश्वास छ," सदस्य-सचिव घिसिङले भन्नुभयो। अधिकारी नरज बहादुर खड्काले समेत जापानमा उत्कृष्ट प्रदर्शन गर्दै नेपालको नाम उच्च राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

नेपाली टोलीले विभिन्न देशका खेलाडीसँग प्रतिस्पर्धा गर्दै नेपालको नाम अन्तर्राष्ट्रिय स्तरमा उजागर गर्ने लक्ष्य राखेको छ।


## इन्टरनेशनल युथ होस्टल इनको क्षमता अभिवृद्धि आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मितिः २०८२/04/२१)**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३. नदीपुरमा श्री इन्टरनेशनल युथ होस्टल इन बाट क्षमता अभिवृद्धि सहित होस्टेल संचालन हुदैछ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | श्री इन्टरनेशनल युथ होस्टल इन<br>पोखरा महानगरपालिका वडा नं. ३, नदीपुर, कास्की जिल्ला, गण्डकी प्रदेश<br>ईमेलः pushpa.bastola@gmail.com<br>फोन नं.: ९८४६१००३०९ |
| प्रस्तावको व्यहोरा | प्रस्ताबक श्री इन्टरनेशनल युथ होस्टल इन बाट गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३, नदीपुरको कित्ता नं. १००, १०१ र १०२ को ५४७ वर्ग मिटर क्षेत्रफलको जग्गामा होस्टेल संचालन गरी स्वदेशी पर्यटकका लागि आरामदायी सेवा दिने उद्देश्यले इन्टरनेशनल युथ होस्टल इन क्षमता अभिवृद्दि आयोजनाको संचालन हुनेछ । |
| प्रभाव पर्न सक्ने म.पा. | पोखरा महानगरपालिका वडा नं. ३. नदीपुर, कास्की जिल्ला |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका वडा कार्यलय, विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

**प्रस्तावको नाम र ठेगाना :**
**इन्टरनेशनल युथ होस्टल इन**
**गण्डकी प्रदेश, कास्की जिल्ला**
**पोखरा महानगरपालिका वडा नं. ३, नदीपुर**
**फोन नं: ९८४६१००३०९**
**ईमेल**: pushpa.bastola@gmail.com

**परामर्शदाताको नाम र ठेगानाः**
**देउराली कन्सल्टिङ इन्जिनियर्स प्रा. लि.**
**पोखरा, नेपाल, फोन नं.: ९८५१०७३७४५,**
**इमेल**: deuralicon@hotmail.com



## आवश्यकता

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित भई गण्डकी प्रदेश सहकारी ऐन २०७५ नियमावली २०७६ बमोजिम ३ वटा सहकारी एककिरण भई २,३०० भन्दा बढि सदस्यलाई ३ स्थान रानिपौवा, लामाचौर एवं सार्दीखोला कार्यालयबाट नीति विधि र प्रविधियुक्त सहकारी सेवा प्रदान गरि रहेको यस जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखरा कास्कीको लागि देहायका कर्मचारीहरु आवश्यक भएकोले तपशिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकलाई आफ्नो व्यक्तिगत विवरण, हालै खिचेको एक प्रति फोटो र आवश्यक कागजात सहित हस्त लिखित निवेदन एवं दरखास्त दस्तुर रु ३००।-(अक्षरुपी तीन सय) सहित मिति २०८२/०४/२६ गते सोमबार कार्यालय समय भित्र पेश गर्नको लागी दरखास्त आह्वान गरिन्छ।

**तपशिल :-**

| क्र.स. | पद | संख्या | योग्यता | अनुभव | परिक्षाको किसिम |
|---|---|---|---|---|---|
| १ | ऋण/ लेखा अधिकृत | १ जना | स्नातक- व्यवस्थापन वा सो सरह | ऋण, लेखा तथा व्यवस्थापन सम्बन्धी ३ वर्षको कार्य अनुभव एवं कम्प्युटर ज्ञान भई नेपाली टाइपिङ्गमा पूर्ण दख्खल भई मोटरसाइकल /स्कुटर चलाउने लाइसेन्स प्राप्त व्यक्ति | अन्तर्वार्ता |
| २ | सेवाकेन्द्र/ कार्यालय प्रमुख | १ जना | स्नातक- व्यवस्थापन वा सो सरह | लेखा एवं व्यवस्थापन सम्बन्धी २ वर्षको कार्य अनुभव एवं कम्प्युटर ज्ञान भई नेपाली टाइपिङ्गमा पूर्ण दख्खल भई मोटर साइकल/स्कुटर चलाउने लाइसेन्स प्राप्त व्यक्ति | अन्तर्वार्ता |
| ३ | कार्यालय सहायक | केही | १०+२ व्यवस्थापन वा सो सरह | ऋण, लेखा एवं कम्प्युटर ज्ञान भई १ वर्षको कार्य अनुभव एवं नेपाली टाइपिङ्गमा पूर्ण दख्खल भई मोटरसाइकल/स्कुटर चलाउने लाइसेन्स प्राप्त व्यक्ति | अन्तर्वार्ता |
| ४ | सदस्य (बजार) सहायक | केही | एस.एल.सि/ एस.ई.ई वा सो सरह | वित्तिय क्षेत्रमा बजारिकरण सम्बन्धी कामकाजको कार्यानुभव र कम्प्युटर सम्बन्धी सामान्य ज्ञान भई मोटर साइकल/स्कुटर चलाउने लाइसेन्स प्राप्त व्यक्ति | अन्तर्वार्ता |

*नोट :- तलबमान संस्थाको विनियम एवम् मानव संसाधन नीति बमोजिम हुनेछ । सकारात्मक सोच भएको कुनै सहकारी संस्थामा कार्यानुभव भएको उम्मेदवारलाई प्राथमिकता दिइनेछ। कर्मचारी छनौट सम्बन्धी अधिकार पदपूर्ति समितिमा निहित रहनेछ। सल्लाह, सहयोग र सहकार्यको लागि धन्यबाद। जयलक्ष्मी, जय सहकारी ।।।*

*संयोजक*
*पदपूर्ति उपसमिति*

"सहकारीमार्फत् आत्मनिर्भरता"

जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
Jayalaxmi Saving & Credit Co-operative Society Ltd.
प्रधान कार्यालय : पोखरा-११, रानीपौवा, फोनः ०६१-५७५३८२, ५९०३८१

# नेरेसो उपशाखा १० को विपत् राहत मादी गाउँपालिकामा वितरण

पोखरापत्र संवाददाता
पोखरा, २० साउन




नेपाल रेडक्रस सोसाइटी उपशाखा १० ले मादी गाउँपालिका ६/७ उपशाखासँग समन्वय गरी राहत वितरण कार्यक्रम मादी गाउँपालिका वडा नं १ र वडा नं ६ मा सम्पन्न गरेको छ।

मादी गाउँपालिका वडा नं १ र ६ को फरक ठाउँमा गरिएको राहत वितरण कार्यक्रम वडा अध्यक्षहरु देबीजंग गुरुङ्ग र दिल बहादुर क्षेत्रीको प्रमुख आतिथ्यतामा भएको थियो।

उक्त अवसरमा २०८२ असार ५ गते आएको अविरल बर्षाका कारण केहि घरमा पर्न गएको क्षतिको न्यूनिकरण गरी राहत वितरण गरी हाम्रो वडाहरूमा सहयोग गर्न आउनु भएकोमा नेपाल रेडक्रस सोसाइटी पोखरा-१० उपशाखालाई हृदयदेखि नै धन्यबाद ब्यक्त गर्दै रेडक्रस जस्तो पवित्र मानबिय सेवामा लागिपर्ने र जहाँ विपत् त्यहा रेडक्रस भन्ने भावना अनुरूप हरेक वडामा रेडक्रस संस्था गठन गरी अगाडि बढ्नुपर्ने बिचार ब्यक्त गर्नु भयो।

उक्त राहत वितरण कार्यक्रममा मादी गाउँपालिका वडा नं १ का हुम प्रसाद गुरुङ्ग, गर्बि गुरुङ्ग, दिल बहादुर परियार, मिन बहादुर परियार, खाबी परियार, ज्योति बिक र वडा नं ६ का बिर बहादुर राना, सुर्य बहादुर गुरुङ्ग, होम बहादुर परियार, सन्त बहादुर राना, सूर्य बहादुर आले र मनमाया देबकोटा समेत १२ घर परिवारलाई त्रिपाल र मेट्रेस १/१ पिस बितरण कार्यक्रम गरिएको थियो। उक्त अवसरमा मादी गाउँपालिका बडा नं १ का वडा सदस्य प्रेम बहादुर गुरुङ्ग, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीका सदस्य पार्बति कार्की, नेपाल रेडक्रस सोसाइटी तथ्याङ्क उपशाखा ६/७ का सभापति नारायण प्रसाद बराल, खिलाफ आमा समुहका अध्यक्ष डिलमाया गुरुङ्ग वडा नं ६ का वडा सचिव सूर्य बहादुर पाण्डे लगायतका ब्यक्तिहरूले आ-आफ्नो बिचार ब्यक्त गर्नुहुदै अझ विकराल परिस्थिति आउन सक्ने भएकोले हामीहरू पहिलेनै सचेत र सुरक्षित रहन आग्रह गर्नुभयो।

उक्त राहत वितरण कार्यक्रममा उपशाखा १० का सदस्य किरण प्रसाद भट्टचन, लैङ्गिक सामाजिक समावेशिकरण उप समितिका सदस्य शोभा पहारी, सदस्य पुतली देबी गुरूङ्ग र सदस्य हिरा देबी श्रेष्ठले कार्यक्रममा भोलिन्टिएर गरी सहयोग गर्नुभएको थियो।

नेपाल रेडक्रस सोसाइटी उपशाखा १० का कार्यबाहक सभापति पवित्रा देबी गुरुङ्गको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी उपशाखा १० का निबर्तमान सभापति सम्मर बहादुर श्रेष्ठले स्वागत गर्नु गर्नुभएको थियो भने उपशाखा १० का बिपत ब्यबस्थापन उप-समितिका संयोजक शुक बहादुर गुरुङ्गले कार्यक्रम संचालन गर्नु भएको थियो।

# एकै वडाका तीन किशोरी बेपत्ता

पोखरापत्र संवाददाता
तनहुँ, २० साउन

तनहुँको भानु नगरपालिकाबाट एकैदिन तीन किशोरी बेपत्ता भएका छन्। बेपत्ता हुने तीनै जना भानु नगरपालिका-२ भकुन्थोक निवासी रहेका छन्।

बेपत्ता हुनेमा १५ वर्षीया अस्मिता तामाङ, १६ वर्षीया सम्झना सुनार र १५ वर्षीया सीता सुनार रहेका छन्।

सोमबार बिहान विद्यालय जान घरबाट निस्किएका उनीहरू विद्यालय नगई बेपत्ता भएका हुन्।

सोमबार साँझसम्म पनि परिवारको सम्पर्कमा नआएपछि परिवारले इलाका प्रहरी कार्यालय भानुमा खोजीका लागि निवेदन दिएका छन्। उनीहरूको खोजीकार्य भइरहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी निरीक्षक राजु अधिकारीले जानकारी दिनुभयो। उनीहरूको मोबाइलको अन्तिम लोकेसन पोखरा देखिएको छ।

---

त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन पाप्त

## वहाकी सामुदायिक क्याम्पस

**WAHAKI COMMUNITY CAMPUS**

विहादी गा पा. ४, वहाकी शालिग्राम, चिलाउनेखर्क, पर्वत

## सामग्री तथा सेवा आपूर्ति गर्न सूची दर्ता गर्ने सम्बन्धी सूचना।

प्रकाशित मितिः २०८२/०४/२१ गते

प्रस्तुत विषयमा यस वहाकी सामुदायिक क्याम्पसका लागि आ.व.२०८२/०८३ मा तपसिल बमोजिमका आवश्यक पर्ने सामान तथा सेवा आपूर्ति गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ (संशोधित सहित) को व्यवस्था बमोजिम इच्छुक व्यक्ति, फर्म तथा कम्पनीहरुले आ.व.०८०/०८१ को व्यवसाय नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. (PAN) वा मूल्य अभिवृद्धिकर (VAT) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २(क) बमोजिमको ढाँचामा १५ दिनभित्र निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

१. स्टेशनरी, पाठ्यपुस्तक तथा कार्यालय सामग्रीहरु उपलब्ध गराउन,
२. छपाई सम्बन्धी कार्य गर्न,
३. सूचना प्रकाशन तथा प्रसारण/विज्ञापन गर्न,
४. कम्प्युटर/फोटोकपी, प्रिन्टर, UPS, प्रोजेक्टर, ल्यापटप तथा अन्य इलेक्ट्रोनिक सामान (पार्टसहरु सहित) आपूर्ति तथा मर्मत गर्न, Extending Digitalization सम्बन्धी कार्य गर्न/सामग्री आपूर्ति गर्न,
५. कम्प्युटर, फोटोकपी, प्रिन्टर, नयाँ टोनर (क्याटेज) आपूर्ति तथा रिफिल सम्बन्धी कार्य गर्न,
६. प्लम्बिङ कार्य गर्न / सामग्री बापूर्ति गर्न,
७. इलेक्ट्रोनिक कार्य गर्न सामग्री बापूर्ति गर्न,
८. सामान्य भौतिक निर्माण तथा सामग्री बापूर्ति गर्न,
९. फर्निचर तथा फर्निसिङ सामग्री आपूर्ति गर्न,
१०. रङ रोगन सम्बन्धी कार्य गर्न,
११. बाना/खाजा आपूर्ति गर्न,
१२. सवारी साधनको आवश्यकता अनुसार व्यवस्था गर्न,
१३. जेनेरेटरको व्यवस्था गर्न,
१४. खानेपानीको आपूर्ति गर्न,
१५. निर्माण सम्बन्धी सामग्री बापूर्ति तथा निर्माण गर्न,
१६. लेखापरिक्षण कार्य,
१७. परामर्श तथा अन्य सेवा सम्बन्धी कार्य गर्न (Building Estimate, designing and construction drawing )

Email: wahakicampus2067gmail.com    Mobile No: 9857631574, 9841607996

---

"सहकारीमार्फत् आत्मनिर्भरता"

## जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

Jayalaxmi Saving & Credit Co-operative Society Ltd.

प्रधान कार्यालय : पोखरा-११, रानीपौवा, फोनः ०६१-५७५३८२, ५९०३८१

## दशौं वार्षिक साधारण सभा बारेको सूचना
## २०८२ भदौ २० र २१ गते

उपरोक्त सम्बन्धमा यस **जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड** पोखरा, कास्कीको सञ्चालक समितिको १५६ औं बैठकको निर्णयानुसार संस्थाको **दशौं बार्षिक साधारण सभा** सहकारी ऐन नियमावली तथा नेपाल सरकार सहकारी विभागले जारी गरेको सहकारी निर्देशिका एवम् मापदण्ड बमोजिम तपशिलमा उल्लेखित कार्यसूचि अनुसार छलफल र निर्णय गर्न बस्ने भएको हुँदा तपशिलको एकाई, मिति, समय र आफुलाई पायक पर्ने स्थानमा उपस्थित हुन सम्पूर्ण शेयर सदस्यहरुलाई विभिन्न माध्यमबाट सूचना सम्प्रेषण भईरहेको छ। कुनै कारणवश पत्र वा सूचना प्राप्त नभएमा यसै सूचनालाई आधार मानी साधारण सभामा उपस्थितीको लागि हार्दिक अनुरोध गरिन्छ।

**▶कार्यसूचि तथा छलफल हुने विषय तथा प्रस्तावहरु**

१. गत साधारण सभाको निर्णय पुस्तिका/माइन्युट अनुमोदन गर्ने।
२. सञ्चालक समिति, लेखा समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
३. संस्थाको बार्षिक कार्यक्रम तथा आगामी कार्यक्रम तथा बजेट प्रस्तुत तथा पारित गर्ने।
४. आ.व. ०८१/८२ को लेखापरिक्षण सहितको आर्थिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
५. शेयर लाभांश कोष र संरक्षित पूँजि फिर्ताकोष रकम वितरण गर्ने।
६. आ.व.०८२/८३ को लागि लेखापरिक्षक नियुक्ति एवं पारिश्रमिक तोक्ने।
७. बिनियम संशोधन/पुनर्लेखन तथा नीति कार्यविधि संशोधन/तयार गर्ने (सहकारी ऐन नियमावली अनुसार)
८. संस्था एकिकरण, सेवाकेन्द्र विस्तार/एकिकरण, कार्यक्षेत्र थप गर्ने।
९. घर/जग्गा एवम् स्थिर सम्पत्ति खरिद तथा बिक्री सम्बन्धमा।
१०. सञ्चालक समितिका विभिन्न निर्णयहरु अनुमोदन सम्बन्धमा।
११. एकाई प्रतिनिधि छनौट सम्बन्धमा।
१२. साधारण सभाको निर्णय पुस्तिका/माइन्युट प्रमाणिकरण सम्बन्धमा।
१३. विशेष प्रस्तावहरु सम्बन्धमा (सदस्यहरुबाट थप भएमा)

**▶साधारण सभा सञ्चालन हुने तालिकाः-**

| मिति | एकाई | समय | स्थान |
|---|---|---|---|
| २०८२/०५/२० | (क) प्रधान कार्यालय एवम् सार्दिखोला सेवा केन्द्र | ११:०० देखि ३:०० बजेसम्म | जित ईभेन्टस् एवं पार्टी प्यालेस प्रा.लि., पोखरा-१६, बाटुलेचौर |
| २०८२/०५/२१ | (ख) लामाचौर सेवा केन्द्र | ११:०० देखि ३:०० बजेसम्म | जित ईभेन्टस् एवं पार्टी प्यालेस प्रा.लि., पोखरा-१६, बाटुलेचौर |

**▶एकाई प्रतिनिधीहरुको निर्णय प्रमाणिकरण सभा**

| | | |
|---|---|---|
| २०८२/०५/३० | समय दिउँसो : २.०० बजे | लामाचौर कार्यालय, पोखरा-१९, लामाचौर |

**▶साधारण सभा सम्बन्धी थप जानकारी**

- साधारणसभामा विशेष प्रस्ताव वा केही सुझाव भएमा मिति २०८२/०४/३० गते बेलुका ४:०० बजेसम्म कार्यालयमा आई लिखित सुझाव पेश गर्नुपर्नेछ। वार्षिक प्रतिवेदन सभाको १५ दिन अगावै संस्थाको वेवसाइटमा प्रकाशन गरि संस्थाको आधिकारिक सामाजिक संजाल मार्फत जानकारी गराइनेछ। सदस्यले www.jayalaxmicoop.com को रिपोर्ट Section मा गई Download गर्न सक्नुहुनेछ।
- सम्पूर्ण सदस्यहरुले माथि उल्लेखित तालिका अनुसार सम्बन्धित एकाईमा उपस्थित भई उपस्थिती पुस्तिकामा उपस्थित जनाई संस्थाले प्रस्तुत गरेको वार्षिक प्रतिवेदनमा कुनै जिज्ञासा, सल्लाह सुझाव भएमा सोही सभामा पेश गर्नुपर्नेछ।
- उल्लेखित एकाईबाट चयन भएका प्रतिनिधिहरुले एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणित सभामा उपस्थित भै साधारण सभाको निर्णय पुस्तिका/माइन्युट प्रमाणित गर्नेछन्।
- साधारण सभामा उपस्थित हुँदा संस्थाले प्रदान गरेको सदस्यता परिचय पत्र एवम् आफ्नो सदस्यता नम्बर अनिवार्य पेश गर्नुपर्नेछ।
- तालिम, भ्रमण वा अन्य कार्यक्रम/परियोजनाको लागि सदस्यले सदस्यता नम्बर सहित सभा अवधिमा नाम टिपाई दिनुहुन जानकारी गराइन्छ।
- सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्न बाँकी सदस्यहरुले सभा अगावै संस्थामा सम्पर्क गरि सो अद्यावधिक गर्नुहुन, मासिक बचत नगरेका सदस्यहरुले २०७६ पौषबाट मासिक नियमति बचत हुने गरि बचत गर्नुहुन, शेयर थप गर्न चाहने सदस्यले "सदस्य शेयर बचत" खातामा रकम जम्मा गर्न हुन साथै सदस्यगत दीगो सहकारी निमार्ण गर्न अन्य क्रमिक/नियमित बचत गर्न गराउनुहुन सबैमा अनुरोध गरिन्छ।
- सभामा पूरा समय सक्रिय सहभागी रहनुहुने सदस्यलाई खाजा एवम् यातायात खर्च प्रदान गरिनेछ।
- थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ।

**विष्णुप्रसाद पौडेल**
**सचिव**

---

## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### फेदीखोला बजार, फेदीखोला, स्याङ्जा
### गण्डकी प्रदेश, नेपाल

## नकुहिने फोहोरमैला संकलन गरी ढुवानी गर्न सवारी साधन भाडामा उपलब्ध गराउने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/२१)**

फेदीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले चालु आ.व. ०८२/०८३ मा फेदीखोला गाउँपालिका, फेदीखोला बजार मुकाममा रही स्थानीयस्तरमा उत्पादन हुने नकुहिने फोहोरमैला संकलन गरी ढुवानी गर्न प्रयोग गर्ने प्रयोजनका लागि तोकिएको शर्तहरुको अधिनमा रही मासिक रुपमा अधिकतम २१ कार्यदिन संचालन हुने गरी मिति २०८२ कार्तिक मसान्तसम्मका लागी 4WD Single Cab पीक अप सवारी साधन भाडामा लिने निर्णय गरेकोले इच्छुक फर्म, व्यक्ति वा कम्पनीबाट नियमानुसार खरिद प्रकृयामा सहभागी हुनका लागि यो सूचना प्रकाशित गरिएको छ। इच्छुक फर्म, व्यक्ति वा कम्पनीले मिति २०८२/०५/०४ गतेको कार्यालय समयभित्र देहायका कागजात र नगद रु. १०००/- दरभाउपत्र दस्तुर तिरेको बैंक भौचर वा नगदी रसिद सहित निवेदन गरेमा यस कार्यालयबाट दरभाउपत्र फारम प्राप्त गर्न सक्नेछन्। मिति २०८२/०५/०५ गतेको मध्यान्ह १२.०० बजेभित्र दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र पेश गरिसक्नुपर्नेछ। म्याद नाघी प्राप्त भएको तथा रितपूर्वक पेश नभएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। सवारीधनीले दरभाउपत्र पेश गर्दा दरभाउपत्र फारममा आँफुले उपलब्ध गराउन चाहेको सवारी साधनको मासिक भाडाको दर अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरी दस्तखत गरी छाप लगाई पेश गर्नुपर्नेछ। दरभाउपत्र फारमसाथ देहायका कागजातहरु अनिवार्य रुपमा सङ्लग्न गरी पेश गर्नुपर्नेछ। पेश गर्नुपर्ने भनि उल्लेख भएका कागजात पेश नगरेमा त्यस्ता प्रस्तावहरु अस्वीकृत गरिनेछ। पेश भएका दरभाउपत्रहरु मिति २०८२/०५/०५ गतेको मध्यान्ह १३.०० बजे यस कार्यालयमा खोलिनेछ। यस सूचना सम्बन्धी विस्तृत विवरण र शर्तहरु यस कार्यालयको वेभसाइट www.phedikholamun.gov.np बाट वा प्रशासन, योजना तथा आन्तरिक व्यवस्थापन शाखामा सम्पर्क राखी लिन सकिनेछ। सम्पर्क इमेल ठेगाना, मोवाइल तथा फोन नं.: phedikhola174@gmail.com **र मो.नं.** ९८४६०७०९११, ९८४०१९७१७५,९८५६०६६६०३, **फोन नं.** ०६३-४०२०५३

<u>देहायः</u>

**दरभाउपत्र साथ व्यक्ति तथा फर्मले पेश गर्नुपर्ने कागजातहरुः**

**१. व्यक्तिको हकमा देहायका कागजत संलग्न राखी दरभाउपत्र पेश गर्नुपर्नेछ :**

**क) यस कार्यालयबाट जारी भएको दररेट पेश गर्ने फारम (सवारीधनी वा निजले तोकेको प्रतिनिधीले आवश्यक विवरण भरि सहिछाप गरी बुझाउनुपर्ने)**
**ख) सवारीधनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (प्रमाणपत्रको अगाडि र पछाडिको दुवै भाग आउने गरी)**
**ग) सवारी चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (प्रमाणपत्रको अगाडि र पछाडिको दुवै भाग आउने गरी)**
**घ) सवारी चालकको सवारी चालक अनुमतिपत्रको प्रतिलिपी (नविकृत तथा प्रमाणपत्रको अगाडि र पछाडीको दुवै भाग आउने गरी)**
**ङ) सवारीसाधनको ब्लुबुकको प्रतिलिपी (सवारीको नं., सवारीधनीको नाम, सवारीको किसिम, सवारीको विवरण र नविकरण गरेको पेज समेत देखिने गरी पेश गर्नुपर्ने)**
**च) सवारीसाधनको तेश्रो पक्ष बिमाको कागजातको प्रतिलिपी (इन्स्योरेन्स कम्पनीबाट जारी भएको सबै पृष्ठहरु आउने गरी)**

**२. कम्पनी वा फर्मको हकमा माथि उल्लिखित कागजात सहित देहायका थप कागजात पेश गर्नुपर्नेछ :**

**क) कम्पनी वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी**
**ख) आ.व. २०८०/८१ सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपी**
**ग) मु.अ.क. वा प्यानमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी**